
# रमा दङ्ग परिन्



बिक्रीका लागि होइन ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# रमा दङ्ग परिन्



यो सन्दर्भ सामग्री
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

लेखक
शिल्पी प्रधान

चित्राङ्कन
जुपिटर प्रधान

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

बिक्रीका लागि होइन ।

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७६

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

# हाम्रो भनाइ

बालबालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइसम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बालबालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्यपुस्तकमा भएका विषयवस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा रुम टु रिडले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बालबालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।


बिक्रीका लागि होइन

वि.सं. २०७६ **पाठ्यक्रम विकास केन्द्र**

कुनै एउटा सानो गाउँमा रमा नामकी एक जना सानी केटी थिइन् ।




एक दिन उनका बालाई सहर जानुपर्ने भयो । उनी कहिल्यै सहर गएकी थिइनन् । त्यसैले उनले बासित सोधिन्, “बा ! म पनि सँगै आऊँ ?”



“हुन्छ रमा ! तिमी आए त झन् मजा हुन्छ नि ।” रमाका बाले जवाफ दिनुभयो ।



बसपार्क
टिकट

रमा र उनका बा बस चढेर सहर आइपुगे ।





बिक्रीका लागि होइन ।


त्यहाँ किसिम किसिमका गाडी देखेर रमालाई निकै रमाइलो लाग्यो ।



रमाका बाले रमालाई ट्राफिक बत्तीले के काम गर्छ बताउनुभयो,
"रातो बत्ती बलेको 'रोक वा अड' भनेको हो ।
पहँलो बत्ती बलेको 'चनाखो भएर वरपर हेर्दै पर्ख' भनेको हो।
हरियो बत्ती बलेको 'अगाडि बढ अर्थात् जाऊ' भनेको हो ।"



रमाले सहरमा देखिन्,




चार पाङ्ग्रे जिप,

तीन पाङ्ग्रे
टेम्पो,

दुई पाङ्ग्रे मोटर साइकल,

बिक्रीका लागि होइन



ठुलो ट्रक,

सानो साइकल ।

बिक्रीका लागि होइन ।

उनले अरू पनि देखिन्,



रातो
ट्र्याक्टर,




सेतो माइक्रोबस,



हरियो टेम्पो,

बिक्रीका लागि होइन

पहेँलो स्कुल बस,




निलो प्रहरी भ्यान र

कालो मोटरकार ।

बिक्रीका लागि होइन ।

"यी गाडी कसका हुन् बा ?" रमाले सोधिन् ।





रातो प्लेटमा सेतो नम्बर भएको गाडी निजी सवारी साधन हो ।




सेतो प्लेटमा रातो नम्बर भएको गाडी सरकारी सवारी साधन हो ।






कालो प्लेटमा सेतो नम्बर भएको गाडी सार्वजनिक यातायातको सवारी साधन हो ।




पहेँलो प्लेटमा निलो नम्बर भएको गाडी संस्थानको सवारी साधन हो ।

यसपछि रमाका बाले भन्नुभयो, "अब हामी ट्याक्सी चढेर सहर घुम्ने है ।"






बिक्रीका लागि होइन ।

त्यसै बेला बाटामा ‘टाँ–टुँ’ गर्दै चर्को आवाज निकालेर आगो निभाउने दमकल आयो ।

त्यसको पछि पछि एम्बुलेन्स थियो। एम्बुलेन्सले बिरामी वा घाइते मानिसलाई अस्पताल लैजान्छ। एम्बुलेन्स देखेपछि अरू गाडीहरू त्यसलाई छिटो जान दिनका लागि बाटो छोडेर रोकिन्छन्।




अर्को दिन रमा र उनका बा मेला हेर्न गए ।



मेलामा रमाले डुङ्गा चढिन् ।

बिक्रीका लागि होइन ।



उनले रेल पनि चढिन् ।

बिक्रीका लागि होइन ।


बिक्रीका लागि होइन ।





बिक्रीका लागि होइन

त्यही दिन बाले रमालाई हवाई मैदान पनि देखाउन लैजानुभयो। त्यहाँ उनले हवाईजहाज र हेलिकप्टरहरू देखिन्।

फर्कँदा बाटामा रमाले बुल्डोजर र क्रेन पनि देखिन्। "बुल्डोजरले बाटो बनाउन मदत गर्छ। क्रेनले घर र पुलहरू बनाउन मदत गर्छ।" बाले रमालाई बताउनुभयो।








भोलिपल्ट बिहान गाउँ फर्कनका लागि रमा र उनका बा रिक्सा चढेर बस बिसौनीतिर लागे ।

रिक्सा ढिलो गुड्ने भए पनि रमालाई रिक्साको सवार रमाइलो लाग्यो ।



रमाले मनमनै सोचिन्, “गाउँ फर्केर साथीहरूलाई मैले देखेका विभिन्न थरीका सवारी साधनका बारेमा बताउँछु ।”




रमा दङ्ग परिन् ।

बिक्रीका लागि होइन ।

बिक्रीका लागि होइन ।